## मिति २०७९/०९/२१ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या १०१

**बैठकका प्रस्तावहरु**

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. हिउँदे नगरसभाको मिति तथ गर्ने सम्बन्धमा ।

३. संघीय समपुरक, विशेष अनुदान तथा सडक बोर्ड नेपालमा आगामी आ.व.को लागि योजना छनौट सम्बन्धमा

४. बुद्धभूमि नगरपालिकासंग रामघाट तथा सगरहवा नाका साझेदारीमा सञ्चालन गर्ने सम्बन्धमा ।

५. अस्थायी काञ्जिहाउसको व्यवस्थापन सम्बन्धमा ।

६. समसामायिक विविध ।

**निर्णयहरु**

१. मिति २०७९/०८/२८ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यन्वयनको समिक्षा गर्दा गत बैठकबाट भएका निर्णयहरु पूर्ण रुपमा कार्यन्वयन भइ रहेको सहर्ष जानकारी गराइन्छ ।

२. कपिलवस्तु नगरपालिकाको १३औं नगरसभा संवत २०७९ साल पुष महिनाको २९ गते शुक्रवार बिहान ठिक ११:०० बजे शुरु गर्ने ।

३. आ.व. २०८०/०८१ को लागि देहाय बमोजिम संघीय समपुरक, विशेष अनुदान तथा सडक बोर्ड नेपालमा योजनाहरु सिफारिस गरी पठाउने ।

(क) **संघीय समपुरक अर्न्तगत**

१) आनन्दबाग सिकोटवा मलपरवा सडक ।
२) निगालीकोट अरौराकोट नरायनापुर पर्सिया सडक ।
३) चौबीस हजार देखी जगदीशपुर सडक ।

(ख) **संघीय बिशेष अनुदान अर्न्तगत**

१) खरमुक्त छानो कार्यक्रम ।

(ग) **सडक बोर्ड नेपाल कार्यक्रम अर्न्तगत**

१) जमुवारटोल बिद्धुत कार्यालय बर्गदवा सडक ।
२) सागरटोल दुर्गा मन्दिर जिल्ला वन कार्यालय बर्गदवा सडक ।
३) जहदी श्रीनगर सडक ।
४) गोपालपुर बिजगौरी सडक ।
५) निगालीकोट अरौराकोट सडक ।

४. बुद्धभूमि नगरपालिकासंग सम्झौता भए बमोजिम बाणगंगा खोला अर्न्तगत बुद्धभूमि नगरपालिका क्षेत्र भित्र पर्ने सगरहवा र रामघाट नाकामा IEE मा भएको परिमाण मध्ये २८८०० घ.मि. परिमाण थप गरि ठेक्का लगाउने तथा सो बरावरको हुन आउने रकम बुद्धभूमि नगरपालिकालाई भुक्तानी गर्ने।

निर्णय प्रमाणित।

५. स्थायी रुपमा व्यवस्थित कान्जिहाउसको निर्माण नहुँदा सम्म कपिलवस्तु नगरपालिका अर्न्तगत चप्परतल्ला भन्ने स्थानमा अस्थायी कान्जिहाउस निर्माण गर्ने तथा सो तयार गर्दा तथा व्यवस्थापन गर्दा लाग्ने रकम कान्जिहाउस व्यवस्थापन शिर्षकबाट खर्च लेख्ने ।

६. **समसामायिक विविध निर्णयहरु ।**

१. लुम्बिनी प्रदेश सरकार, कृषि तथा पशुपंछी विकास कार्यक्रम संचालन कार्यविधि २०७९ को परिच्छेद २ दफा ४ उपदफा ५(घ) बमोजिम कृषि यान्त्रिकीकरण कार्यक्रम संचालन तथा व्यवस्थापनको लागि नगरपालिकाको कृषि तथा पशु समितिलाई जिम्मा दिने।

२. भगवती आधारभूत विद्यालय मैनिहवाको च.नं. ८ मिति २०७९ पुष १८ गतेको पत्रबाट माग भए बमोजिम उक्त विद्यालयमा चार कोठे (दुई तले) भवन निर्माणार्थ राष्ट्रिय योजना आयोगसंग पुरक अनुदान माग गर्न सिफारिस दिने ।

३. यस कार्यालय तथा अर्न्तगतका स्वास्थ्य केन्द्रमा रिक्त भएका स्थायी दरबन्दीका कर्मचारीहरुको पदपूर्तीको लागि लोक सेवा आयोग, प्रदेश कार्यालयमा माग आकृति फर्म भरी पठाउने ।

५. कपिलवस्तु नगरपालिका भित्रका स्वास्थ्य चौकीहरुमा चेकजाँच गराउन आउने गर्भवती महिलाहरुलाई इक्लाम्सीयाबाट बचाउनको लागि क्याल्सियम चक्की उपलब्ध गराउने ।

६. क.व.न.पा. वडा नं. ९ को वडा कार्यालय भवन निर्माण गर्न जिल्ला समन्वय समिति र नगरपालिकाको लागत साझेदारीमा निर्णय भएकोमा भवनको रकम आगामी नगरसभाबाट बजेट व्यवस्थापन हुने गरी सो आयोजनाको बहुवर्षिय ठेक्का व्यवस्थापन गर्ने ।

७. विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम शितलहरबाट बचाउन सबै वडा तथा नगर क्षेत्र भित्र दाउरा वितरण गर्न बन पैदावार आपूर्ति समिति (डिभिजन बन कार्यालय) बाट खरिद गरी सबै वडामा वितरण गर्ने र सो बापत लाग्ने रकम विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने ।

निर्णय प्रमाणित ।

२०७९।९।२१

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कपिलवस्तु नगरपालिका
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश
२०७३